हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

(आ.व. २०७९/०८०) वैठक नं.

आज मिति २०७९ साल मंसिर १४ गते बुधवारका दिन हरिपुर नगर कार्यपालिकाको चौंधौ नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ/नागेन्द्र महतो | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | दिवाकर भुजेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

मिति २०७९।०८।१४

## मिति २०७९/०८/१४ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्बन्धमा ।
२. सडक सीमा खाली गर्ने सम्बन्धमा ।
३. पदपूर्तिको सेवा सुविधा सम्वन्धमा ।
४. विद्यालय समाहित शिक्षा संचालनको लागि अनुदान ब्यवस्थापन सम्बन्धमा ।
५. हरिपुर ईलाका हुलाक कार्यालयलाई सामग्री सहयोग सम्वन्धमा ।
६. मतदाता शिक्षा कार्यक्रमको लागि बजेट विनियोजन सम्वन्धमा ।
७. नगर वाल अधिकार समिति गठन सम्वन्धमा ।
८. बेरुजू फछ्र्योट कार्यदल गठन गर्ने सम्बन्धमा ।
९. सार्वजनिक तथा सरकारी जग्गा अध्ययन कार्यदल गठन गर्ने सम्बन्धमा ।
१०. वडा नं २ को सडक निर्माणको लागि बजेट विनियोजन गर्ने सम्बन्धमा ।
११. वडा नं २ को सखुवामा आधारभूत सेवा केन्द्र सञ्चालन गर्ने सम्बन्धमा ।
१२. "नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" पारित गर्ने सम्बन्धमा ।
१३. नगर प्रहरीको रिक्त दरबन्दीमा पदपूर्ति गर्ने सम्बन्धमा ।
१४. "हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड ऐन, २०७९" पारित गर्ने सम्बन्धमा ।
१५. लामखुट्टेको औषधी छर्न रकम विनियोजित गर्ने सम्वन्धमा ।
१६. आर्थिक सहायता सम्बन्धमा ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

*मिति २०७९।०८।१४*

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस कार्यालयको मिति २०७९/०८/०७ गतेको सडक क्षेत्राधिकार खालि गर्ने सम्वन्धी १५ दिने सूचना बमोजिम नवलपुर-मलंगवा सडकको यस नगरपालिका अन्तर्गतका मुख्य बजार क्षेत्रको सडक खण्डमा सडकको केन्द्र विन्दुबाट दायाँ बायाँ १५-१५ मिटरको सडकसीमाको मापदण्डलाई खाली गर्ने सम्बन्धमा सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरसँग आवश्यक समन्वय गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाबाट चालु आ व मा सञ्चालित र आगामी समयमा हुने विभिन्न जनशक्तिको पदपूर्तिको लागि हरिपुर नगरपालिका, करार सेवा व्यवस्थापन सम्बन्धी निर्देशिका २०७९ र सम्बन्धित सेवाको कार्यविधि बमोजिम सञ्चालन हुने लिखित, मौखिक र प्रयोगात्मक लगायतका परीक्षाका विभिन्न प्रक्रियामा खटिएका जनशक्तिहरुलाई लोकसेवा आयोगको मापदण्ड अनुसार सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गत आ.व. २०७८/०७९ मा हरिपुर नगरपालिका वडा नं २ स्थित श्री महावीर जनता मा.वि.मा सञ्चालित समाहित शिक्षा अन्तर्गत दृष्टिविहीन कक्षाको सन्दर्भमा कार्यक्रम कार्यान्वयन निर्देशिकामा भएको व्यवस्था बमोजिम उक्त समाहित शिक्षा अन्तर्गत सञ्चालित श्रोत कक्षाको कोटामा बसी अध्ययनरत ११ जना दृष्टिविहीन विद्यार्थीहरुको २०७८ भदौ १९ गते देखि २०७९ असाढ मसान्त सम्मको आवासिय खर्च वापत "ब.उ.शी.नं. ३५०००८०१ क्रियाकलाप नं.७.२.१.१ को सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासिय तथा गैर आवासिय) शीर्षकबाट" रकम रु. ३,९७,३३२।९० र "क्रियाकलाप नं. २.७.१३.१० को विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान शीर्षकवाट" सोही स्रोत कक्षाका स्रोत शिक्षक र आया ( केयर टेकर) को १२ महिनाको तलब भत्ता र चाडपर्व खर्च तथा स्रोत कक्षा व्यवस्थापन समेत वापत जम्मा रकम रु. २,०४,८५०।०० गरि जम्मा रकम रु.६,०२,१८२।९० (अक्षरेपी रु. छ लाख दुई हजार एक सय बयासी रुपैया नब्बे पैसा मात्र । ) आ.व. २०७८/०७९ भित्रै विद्यालयको खातामा निकासा हुनुपर्नेमा महालेखा नियन्त्रण कार्यालयबाट मिति २०७९/०३/२५ गते राती १२ बजेबाट बन्द भएको SuTRA प्रणालीका कारण उक्त रकम विद्यालयको खातामा निकासा हुन नसकेको अवस्था रहेकोमा उक्त समाहित शिक्षा अन्तर्गतका विद्यार्थीहरुको आवासिय खर्च, स्रोत कक्षाका आयाको तलब भत्ता तथा सञ्चालन तथा व्यवस्थापन खर्च भुक्तानी हुन नसकेकोले उक्त रकम परिपूर्ति लागि यस हरिपुर नगरपालिकाको दशौं नगरसभाबाट स्वीकृत चालु खर्च अन्तर्गत व.उ.शी. नं. ८०२१९४०९१०१ खर्च शीर्षक २२५२९ स्रोत आन्तरिकमा रहेको **"कार्यपालिकाको बैठकको निर्णयानुसार खर्च हुने "** शीर्षकमा विनियोजन भएको रकम रु. २२,००,०००।०० मध्येबाट श्री महावीर जनता मा.वि.लाई समाहित शिक्षा तर्फ अध्ययन गरिरहेका विद्यार्थीहरुलाइ छात्रवृत्ति र स्रोत कक्षाका शिक्षक र आयाको सेवा सुविधा वापतको रकम रु. ६,०२,१८२।९० भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ५ को विषयमा छलफल गर्दा हरिपुर ईलाका हुलाक कार्यालयले माग गरेको समानहरु स्टिल दराज, स्टेण्ड फयान, अफिस टेवल (सिंगल), रिभल्भिंग चेयर जम्मा १-१ थान खरिद गरी सो कार्यालयलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

मिति २०७९।०८।१४

प्रस्ताव नं. ६ माथि छलफल गर्दा २०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको लागि निर्वाचन आयोगबाट जारी भएको "मतदाता शिक्षा कार्यक्रम निर्देशिका २०७९" को दफा १३ को उपदफा ६ मा भएको व्यवस्था बमोजिम मतदाता शिक्षा कार्यक्रम सञ्चालनका लागि आवश्यक साधनस्रोत र जनशक्तिको व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्नुपर्ने भएकोले यस नगरपालिकाको सबै वडाहरुमा सञ्चालन भएको मतदाता शिक्षा कार्यक्रममा खटिएका महिला स्वयंसेविकाहरुको पारिश्रमिक (मतदाता शिक्षा कार्यक्रम कार्यक्रम कार्ययोजना २०७९ को दफा २ बमोजिम प्रति व्यक्ति रु १० हजार), नमूना मतदान कार्यक्रम र विभिन्न समितिहरुको बैठक भत्ता र खाजा खर्च वापतको रकम रु. २०००००।०० हरिपुर नगरपालिकाको चालूगत खर्च शीर्षक नं. ८९ विविध खर्चबाट मतदाता शिक्षा कार्यक्रम निर्देशिका र कार्ययोजना २०७९ मा उल्लेख भए बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा वाल अधिकार संरक्षण तथा संवर्धन सम्वन्धी कार्यविधि २०७९ दफा १७ बमोजिम नगर वाल अधिकार समिति गठन गर्नका लागि नगर कार्यपालिकाबाट मनोनयन गर्नुपर्ने १ जना महिला वडा सदस्य सहित २ जना वडा सदस्यमा तपसिल बमोजिमका सदस्यहरुलाई मनोनीत गर्ने निर्णय गरियो ।

तपसिलः

(क) शोभतिया कुमर, वडा नं ७

(ख) रामध्यान चौधरी, वडा नं ९

प्रस्ताव नं. ८ माथि छलफल गर्दा हरिपुर नगरपालिकाको दशौं नगरसभाबाट पारित प्रस्ताव तथा निर्णयको बुँदा नं ८ मा उल्लेख भए बमोजिम यस नगरपालिकाको कार्यालयको आर्थिक कारोबारको सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट भएको अन्तिम लेखापरीक्षणबाट हालसम्म कायम भएको विभिन्न प्रकारको बेरुजूको सम्बन्धमा अध्ययन गरी नियमित गर्नुपर्ने र असूलउपर गर्नुपर्ने बेरुजूको हकमा स्थानीय प्रहरी प्रशासन समेतको समन्वय र सहयोगमा उक्त बेरुजूहरु फर्छ्यौट र असूलउपर गर्ने सम्बन्धमा आवश्यक कार्यवाही गर्न तपसिल बमोजिमका संयोजक तथा सदस्यहरु रहने गरी एक बेरुजू फर्छ्यौट कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजकः नगर उपप्रमुख श्री निलम देवि राय यादव

सदस्यः प्रमुख प्रशासकीय अधिकृत श्री दिवाकर भुजेल

सदस्यः लेखा अधिकृत श्री भूपेन्द्र कुमार सिंह

सदस्यः सलेपा श्री राजीव महतो

सदस्य सचिवः आलेप सहायक श्री माधव कार्की

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक तथा सरकारी जग्गाहरुको पहिचान र संरक्षण गर्ने कार्यका लागि यस्ता जग्गाहरुको सम्बन्धमा विस्तृत अध्ययन गरी १ महिनाभित्र जग्गाहरुको अवस्थिति, अवस्था, स्वामित्वको प्रमाण लगायत आवश्यक तथ्य, तथ्यांक र प्रमाण सहितको प्रतिवेदन तयार गर्न देहाय बमोजिम संयोजक तथा सदस्यहरु रहेको एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजकः अधिकृत छैठौं श्री रुपलाल देवकोटा

सदस्यः कम्प्युटर अपरेटर श्री अशोक थापा

सदस्य सचिवः अमिन श्री सरोज कुमार सिंह

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

*मिति २०७९।०८।१४*

प्रस्ताव नं. १० माथि छलफल गर्दा हरिपुर नगरपालिकाको वडा नं २ स्थित निलकमल वनदेखि पश्चिम पैनीसम्म करिब १ किलोमिटर सडक निर्माण गर्न ईन्धन व्यवस्थापन वापत दशौं नगरसभाबाट स्वीकृत चालु खर्च अन्तर्गत व.उ.शी. नं. ८०२१९४०९१०१ खर्च शीर्षक २२५२९ स्रोत आन्तरिकमा रहेको **"कार्यपालिकाको बैठकको निर्णयानुसार खर्च हुने "** शीर्षकमा विनियोजन भएको रकम रु. २२,००,०००।०० मध्येबाट रु १,००,००० विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा दशौं नगरसभाबाट नीतिगत निर्णय र बजेट विनियोजन भए बमोजिम हरिपुर नगरपालिकाको वडा नं २ स्थित सखुवामा आवश्यक जनशक्ति तथा भौतिक स्रोतसाधनको व्यवस्थापन गरी आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा "हरिपुर नगरपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ माथि छलफल गर्दा "हरिपुर नगरपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" बमोजिम तपसिलको संख्यामा नगर प्रहरीको दरबन्दी सिर्जना गर्ने र सो को पदपूर्तिको प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

तपसिलः
(क) नगर प्रहरी सहायक निरिक्षक - १ जना
(ख) नगर प्रहरी जवान - ५ जना

प्रस्ताव नं. १४ माथि छलफल गर्दा हरिपुर नगरपालिकामा खानेपानी, सरसफाई तथा स्वच्छता सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई नगरपालिका क्षेत्रका बासिन्दालाई भरपर्दो गुणस्तरीय तथा भरपर्दो खानेपानी, सरसफाई तथा स्वच्छता सेवा प्रदान गर्न गराउन उचित र प्रभावकारी व्यवस्था गर्नको लागि खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले "हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड ऐन, २०७९" लाई आगामी नगरसभाबाट अनुमोदन हुने गरी पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १५ माथि छलफल गर्दा हरिपुर नगरपालिकाका सबै वडाहरुमा जिल्ला स्वास्थ्य कार्यालय सर्लाहीसँगको समन्वयमा लामखुट्टेको औषधी छर्ने कार्यक्रम सञ्चालन गर्न दशौं नगरसभाबाट स्वीकृत चालु खर्च अन्तर्गत व.उ.शी. नं. ८०२१९४०९१०१ खर्च शीर्षक २२५२९ स्रोत आन्तरिकमा रहेको **"कार्यपालिकाको बैठकको निर्णयानुसार खर्च हुने"** शीर्षकमा विनियोजन भएको रकम रु. २२,००,०००।०० मध्येबाट रु ३,००,००० विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस नगरपालिकाका देहायका ब्यक्तिहरु तथा संस्थाहरुलाई देहाय अनुसारको रकम आर्थिक सहायता दिने निर्णय गरियोः

| क्र.सं. | आर्थिक सहायता लिने ब्यक्तीको नाम थर | ठेगाना | रकम रु | कारण | शिर्षक |
|---|---|---|---|---|---|
| १ | विशेष साँस्कृतिक कार्यक्रम | हरिपुर-१ | १००००।०० | साँस्कृतिक कार्यक्रम | साँस्कृतिक |
| २ | नव संघर्षशिल यूवा क्लव | हरिपुर-२ | १००००।०० | फुटवल प्रतियोगिता | |
| ३ | श्री जनता आधारभुत विद्यालय सखुवा | हरिपुर-२ | १००००।०० | शैक्षिक भ्रमण | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०७९।०८।१४

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | श्री लक्ष्मीनाथ युवा क्लव | हरिपुर-७ | ८०००।०० | खेलकुद सामग्री | |
| ५ | घुरन मिया | हरिपुर-६ | ९०००।०० | घर पुर्ण रुपमा भत्केको क्षतिपुर्ती | |
| ६ | शेष नारायण कुमर | हरिपुर-२ | ८०००।०० | असक्त आर्थीक सहयोग | |
| ७ | राम जानकी मठ मन्दिर | हरिपुर-२ | १००००।०० | साउण्डवक्स बाजाहरु | |
| ८ | नव संघर्षशिल यूवा क्लव | हरिपुर-२ | ८०००।०० | स्वास्थय उपचार | अमित कुमार तामांग |
| ९ | रामजानकी मठ | हरिपुर-९ | १००००।०० | मन्दिर रंगरोगन | |
| १० | गिता कुमारी दुलाल | हरिपुर-१ | १००००।०० | मेरुदण्ड पक्षघात | |
| ११ | नवल किशोर ठाकुर | हरिपुर-८ | १००००।०० | औषधी उपचार ( खुट्टामा रोग) | |
| १२ | सत्यवचन पिता परमेश्वर मार्ग दर्शन | लालबन्दी सर्लाही | ८०००।०० | बाध्यवाजन | |
| १३ | पच्छगछया टोल | हरिपुर-७ | ५०००।०० | खेलकुद सामग्री | |
| १४ | जितमहान पर्व | हरिपुर-१ | ७०००।०० | जितमहान मेला | |
| १५ | शिवनाथ राम | हरिपुर-१ | ८०००।०० | विरामी औषधी उपचार खर्च | |
| १६ | नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता भाग लिन जाने खेलाडीहरुलाई | | खरिद गरिदिने | ट्रयाकसुट | २८ जनालाई |
| १७ | सुदामा चौधरी | हरिपुर-७ | १००००।०० | पत्थरी विमारी | |
| १८ | निलम चौधरी | हरिपुर-७ | १००००।०० | पत्थरी विमारी | |
| १९ | राखी कुमारी चौधरी | हरिपुर-७ | १००००।०० | एपेन्डिक्स विमारी | |
| २० | रुकसाना खातुन | हरिपुर-२ | ९०००।०० | पाठेघर विमारी | |
| २१ | परमेश्वर महरा | हरिपुर-२ | १००००।०० | मुटु रोग | |
| २२ | केशव राज चालिसे | हरिपुर-२ | १००००।०० | असक्त विरामी | |